

# ३ अलौकिक रहस्यदेखि प्रकाश वा रहस्योघाट्नसम्म

*यस अध्यायको मूल पदहरूः* दानिएल २:१-१६, प्रेरित १७:२८, दानिएल २:१७-४९, भजन १३८, यूहन्ना १५:५, व्यवस्था ३२:४ र १ पत्रुस २:४।

*यस अध्यायको मूल सार पदः* **"दानिएलले जवाफ दिएर भनेः सदासर्वदै परमेश्‍वरको नाउँमा स्तुति होस्। बुद्धि र पराक्रम उहाँसँगै छन्।"** (दानिएल २:२० रूपान्तरित)।

आर्कटिक र एटलान्टिक समुद्रको बीचमा एउटा ग्रीनल्याण्ड नाउँ गरेको देश छ। यो संसारको सबभन्दा ठूलो टापु देश हो। यो देश बरफै बरफले ढाकिएको देश हो। यसको वरिपरिका पानीहरूमा बरफका थुप्रै पहाडहरू छन्। ती पहाडहरू धेरै साइज वा आकारका छन्। ती बरफका पहाडहरू तैरिरहन्छन्। कहिले साना साना बरफका थुम्काहरू एकतिर तैरिन्छन् भने कहिले ठूला ठूला बरफका थुम्काहरू अर्कोतिर तैरिन्छन्। साना साना बरफका थुम्काहरूलाई हावाले तैराउँछ भने ठूला ठूला बरफका पहाडहरूलाई त्यसमुनि भएका सामुद्रिक प्रवाहले घचेटिरहेको हुन्छ। जब यस संसारको इतिहासमा घटिरहेको राष्ट्रहरूको उदय र पतनको बारेमा हामी सोच्दछौं तब ती घटनाहरू त्यही बरफ तैरिएको जस्तै हामी पाउँछौं। साना साना बरफका थुम्काहरू वा साना साना देशहरू ती माथिका हावाले तिनलाई तैऱ्याइरहन्छ भने ठूला ठूला बरफका पहाडहरू वा राष्ट्रहरू ती मुनिका सामुद्रिक प्रवाहले तैऱ्याइरहेको हुन्छ। हावाको अर्थ कुनै पनि परिवर्तनशील र के हुन्छ भन्न नसकिने वातावरण हो। यो मानिसको इच्छा जस्तै हो। मानव हुरी र बतासको साथै अर्को शक्तिले यस संसारको इतिहासलाई बगाइरहेको छ। यो सामुद्रिक प्रवाहले ठूला ठूला बरफका पहाडहरूलाई घचेटिरहेजस्तै र त्यो भन्दा अझ शक्तिशाली छ। परमेश्‍वरको बुद्धि र सार्वभौमसत्ताको लक्ष्यमा

यो संसारको इतिहास तैरिरहेको छ। यस मामिलामा एलेन जी ह्वाइट भन्नुहुन्छ, "जसरी ताराहरू आफ्नै निर्धारित बृहत चक्करमा घुमिरहन्छन् त्यसरी नै परमेश्वरको उद्देश्य न त ढिलो हुन्छ न त चाँडो हुन्छ।"-*द डिजाएर अभ एजेज,* पृ. ३२बाट रूपान्तरित। मानिसहरूको पुरुषार्थ वा कमजोरी, विभिन्न दर्शन, वाद राजनैतिक क्रान्ति वा पार्टीहरूको चलखेलले विश्वका राष्ट्रहरूको उदय र पतन वा उथलपुथल भएको देखिएतापनि दानिएल २ले के देखाउँछ भने स्वर्गमा बिराजमान हुनुहुने परमेश्वरले नै खास गरेर मानव इतिहास यसरी बगाइरहनुभएको छ कि त्यसलाई महान् निष्कर्षमा टुङ्ग्याउने तरखरमा उहाँ हुनुहुन्छ।

## १. अन्तर्यामी परमेश्वर

**बेबिलोनका राजा नबूकदनेसरलाई परमेश्वरले अचम्मको सपना देखाउनुभयो। त्यसको अर्थ त्यस देशका कुनै पनि ज्ञानी, तन्त्रमन्त्र गर्ने मानिस र वौद्धिक वर्गका मानिसहरूले समेत खोल्न सकेनन्। राजा रिसाएर सबै बुद्धिमान् र वौद्धिक वर्ग भनेर कहलाइएकाहरूलाई मार्न हुकुम गरे। त्यस सङ्कटमा उच्च शिक्षा हासिल गरेर अरूभन्दा दश गुणा बढी ज्ञान, बुद्धि भएका भनेर सम्बोधन गरिएका दानिएल र उनका साथीहरू पनि परेका थिए। हेर्नुहोस् दानिएल २:१-१६ "१ आफ्नो शासनकालको दोस्रो वर्षमा नबूकदनेसरले सपनाहरू देखे। उनको मनमा छटपटी भयो र उनी सुत्न सकेनन्। २ यसकारण राजाले जादूगरहरू, मन्त्रतन्त्र गर्नेहरू, बिजुवाहरू र ज्योतिषीहरूलाई उनले देखेको सपना बताइदिऊन् भनी बोलाउने हुकुम गरे। जब तिनीहरू आए र राजाको सामु खड़ा भए, ३ उनले तिनीहरूलाई भने, "मैले एउटा सपना देखेको छु। त्यसले मलाई विचलित बनाएको छ, र यसको अर्थ बुझ्न चाहन्छु।" ४ तब ती ज्योतिषीहरूले आरमेइक भाषामा राजालाई उत्तर दिए, "महाराजा, अमर रहून्! हजूरका दासहरूलाई सपना बताइदिनुहोस्, र हामी त्यसको अर्थ बताउनेछौं।" ५ राजाले ती ज्योतिषीहरूलाई जवाफ दिए, "मैले यही निर्णय गरेको छुः यदि तिमीहरूले मैले देखेको सपना र त्यसको अर्थ बताएनौ भने, तिमीहरू टुक्रा-टुक्रा पारिनेछौ र तिमीहरूका घरहरू उजाड़ पारिनेछन्। ६ तर यदि तिमीहरूले मलाई सपना र त्यसको अर्थ बतायौ भने, मबाट तिमीहरूले उपहारहरू र इनामहरू तथा ठूलो सम्मान पाउनेछौ। यसकारण मलाई मेरो सपना र त्यसको अर्थ बताओ।" ७ फेरि एक चोटि तिनीहरूले जवाफ दिए, 'महाराजाले आफ्ना दासहरूलाई आफ्नो सपना बताइदिनुहोस् र हामी त्यसको अर्थ खोलिदिनेछौं।" ८**

**तब राजाले जवाफ दिए, "म निश्चित छु कि तिमीहरूले मबाट समय लिएर टार्ने कोशिश गर्दैछौ, किनभने मैले के निर्णय गरिसकेको छु भनेर तिमीहरूलाई थाहा भएको छ। ९ यदि तिमीहरूले मलाई सपना बताएनौ भने तिमीहरूका लागि एउटै मात्र सजाय छ। यो परिस्थिति बद्लिएला भन्ने आशाले मलाई भ्रम र दुष्ट कुरा गर्ने तिमीहरूले मतो गरेका छौ। यसकारण मलाई सपना बताओ, अनि मलाई थाहा हुनेछ कि तिमीहरूले यसको अर्थ मलाई बताउन सक्नेछौ। १० ज्योतिषीहरूले राजालाई उत्तर दिए, "महाराजाले भन्नुभएको कुरा गर्न सक्ने पृथ्वीमा कोही छैन। जति महान् र शक्तिशाली भए पनि कुनै राजाले कुनै जादूगर वा मन्त्रतन्त्र गर्ने वा ज्योतिषीहरूसँग यस्तो कुरा कहिल्यै माग गरेका छैनन्। ११ महाराजाले गर्नुभएको यो प्रश्न अति नै गाह्रो छ। महाराजालाई यो कुरा देवताहरूबाहेक अरू कसैले पनि प्रकट गर्न सक्दैन। ती देवताहरू मानिसहरूका बीचमा बस्दैनन्।" १२ यसले गर्दा राजा रीसले यति चूर भए कि उनले बेबिलोनका सबै ज्ञानी पुरुषहरूलाई मृत्युदण्ड दिने हुकुम गरे। १३ यसरी ज्ञानी पुरुषहरूलाई मृत्युदण्ड दिने घोषणा निस्क्यो र दानिएल र तिनका साथीहरूलाई पनि मार्न भनी तिनीहरूलाई झिकाउन मानिसहरू पठाइए। १४ जब राजाका अङ्गरक्षकका कप्तान अर्योक बेबिलोनका ज्ञानी पुरुषहरूलाई मार्न निस्के, दानिएलले बुद्धिमानी र बड़ो निपुणतासाथ उनलाई प्रश्न गरे, १५ "राजाले किन यस्तो कठोर आदेश निकाल्नुभयो?" तब अर्योकले दानिएललाई सबै कुरा बताइदिए। १६ यो सुनेर दानिएल राजाकहाँ गए र सपनाको अर्थ खोल्नलाई समय पाऊँ भनी बिन्ती गरे।"**

पौराणिक कालमा सपनामा देखिएको कुरालाई अत्यन्तै गम्भीरतापूर्वक लिइन्थ्यो। जब कुनै नराम्रो समना देखिन्थ्यो तब त्यसको अर्थ कुनै नराम्रो बिपत्ती आउँदैछ भनेर पनि त्यसलाई भनिन्थ्यो। त्यसकारण आफूले देखेको भयानक सपनाको केही न केही अर्थ हुनुपर्छ भनेर राजा नबूदनेसारले महसुस गरे। तर ठूलो समस्याचाहीँ उनले देखेको सपना नै उनले बिर्सेका थिए। उनको दिमागमा सपना कालो बादल जस्तै घुमिरहेको थियो तर सपना बिर्सन पुग्दा उनलाई भने त्यो सपनाले पिरोलिरहेको थियो। त्यसकारण उनले तत्कालीन विश्व सभ्यताका उच्च नाउँ कमाएका बेबिलोनका ज्ञानी मानिसहरू, गन्यमान्य, जादुगर, ज्योतिषी, तन्त्रमन्त्र गर्ने, शिक्षामा दक्षता कमाएकाहरू र प्रख्यात वौद्धिकवर्गका मानिसहरूलाई दरवारमा बोलाएर राजाले देखेका तर बिर्सेका सपनाको वारेमा भन्न र त्यसको अर्थ खोल्न माग गरे। केवल देवीदेवताहरूलेमात्र सपना र त्यसको अर्थ भन्न सकन्छन् भनेर बेबिलोनका

वौद्धिक वर्गहरूले ठोकुवाकासाथ राजालाई सुनाए। यदि राजाले आफूले देखेको सपनामात्र भनिदिएको भए उनलाई रिझाउने खालको अर्थ खोलिदिने तिनीहरूको मनशाय थियो। तर राजाले तिनीहरूको कुरा नसुनी आफ्नै जिद्दीमात्र तिनीहरूको सामु राखिरहदा तिनीहरू यो स्वीकार गर्न वाध्य हुन पुगे "भगवानहरूले बाहेक महाराजाको सपना कसैले भन्न सक्दैनन्। तर ती भगवानहरू मानव शरीरमा छैनन्" (दानिएल २:११ रूपान्तरित)।

अत्यन्तै बिचलित र क्रोधित भएर राजाले बेबिलोनका बुद्धिमानी र विभिन्न ज्ञानमा दक्ष भएका भनेर कहलाइएका सबै मानिसहरूलाई मार्न भनी उर्दी जारी गरे। पौराणिक संसारमा राजाले गर्ने यस्तो आतङ्ककारी माग कुनै नौलो थिएन। आफूलाई नाश गर्न षडयन्त्र गर्ने सबै वौद्धिक वर्गका मानिसहरूलाई राजा दारियस वा दाराले मारेका थिए भन्ने प्रमाण इतिहासले देखाएको छ। पुल बनाउने तर त्यो पुल भत्केकाले राजा आर्तसास्त रिसले चुर भएर त्यो पुल बनाउने सबै इन्जिनियर वा प्राविधिकहरूलाई मारेका थिए। जब राजा नबूकदनेसरले त्यो कठोर उर्दी जारी गरेका थिए तब दानिएल र उनका साथीहरू तिनीहरूको अध्ययन भर्खरै पूरा गरेर राजाका विशेषज्ञहरूको समूहमा गाभिएका थिए। त्यस कारण मृत्युको घन्टा तिनीहरूमाथि पनि वजिरहेको थियो। अझ राजाले बोलेको भाषा अनुसार त्यो मार्ने काम तुरन्तै थाल्नुपर्ने र त्यहा दानिएल र उनका साथीहरूको पनि पालो आउने वाला थियो। तर बुद्धि र सरसल्लाहमा निपूर्ण (दानिएल २:१४) भएका दानिएल वडो बुद्धिका साथ आरियोकहाँ जान्छन्। बुद्धिजीवि वर्गहरूको आमहत्या गर्ने जिम्मा उनलाई लगाइएको थियो। अनि दानिएल राजाकहाँ नै गएर सपनाको अर्थ खोल्न उनले समय मागे। अगाडि बेबिलोनका बुद्धिजीविहरूले समय माग्दा समय दिइएन तर दानिएलले माग्दा तुरन्तै उनलाई समय दिइयो। राजाको मागलाई पूरा गर्न सक्ने यस संसारमा कुनै पनि मानिस छैन जसले राजाको मागलाई पूरा गर्न सकोस् भनेर बेबिलोनका जादुगर, ज्योतिष र बुद्धिजीवि वर्गहरूले भनेको कुरामा दानिएल सहमत त हुन्छन्। तर अगमवक्ताले परमेश्वरलाई चिनेका थिए जसले सपना पनि प्रकट गर्न सक्नुहुन्छ र त्यसको अर्थ पनि बताउन सक्नुहुन्छ।

**परमेश्वर अन्तर्यामी हुनुहुन्छ, उहाँ मानिसले मनभित्र सोचिरहेको कुरा पनि थाहा पाउने, अपार ज्ञान भएको र सृष्टिभन्दा अत्यन्तै फरक र अलग हुनुहुन्छ भनेर विभिन्न धर्मदर्शनका जान्नेसुन्ने मानिसहरूले भन्दछन्। तर बाइबलका परमेश्वर मानिसहरूले जे भनेपनि उहाँ सृष्टिको नजिक हुनुहुन्छ। जुन सपना राजा नबूकदनेसारलाई परमेश्वरले दिनुभयो उहाँ अन्तर्यामी र यस**

**सृष्टिबाट अपार भएतापनि हाम्रो नजिक हुनुहुन्छ भनेर हामीले कसरी बुझ्ने? हेर्नुहोस प्रेरित १७:२८ "किनभने "हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र उहाँमा हाम्रो अस्तित्व छ।" तपाईंका आफ्नै कविहरूले पनि भनेका छन्, 'हामी निश्चय उहाँकै सन्तान हौं।' " (यस सन्दर्भमा भजन १३९लाई अर्थपूर्ण तरिकाले पढियो भने परमेश्वर कतिको नजिक हुनुहुन्छ भन्ने ज्ञान पाउन सकिन्छ-अनुवादकको थप)।**

## २ प्रार्थना

दानिएल घर गएर तुरन्तै आफ्ना साथीहरूलाई बोलाउँछन्। यदि राजाले देखेका सपना र त्यसको अर्थ परमेश्वरले प्रकट गर्नुभएन भने आफू र साथीहरू सबैको हत्या हुनेछ भनेर पनि तिनीहरूलाई सुनाउँछन्। त्यसको समाधानको कुनै उपाय नभएपछि तिनीहरूले प्रार्थना बाहेक अरू कुनै बिकल्प नै देखेनन्। त्यसकारण दानिएल र उनका साथीहरू मिलेर प्रार्थना गर्ने निर्णय गर्दछन्। हाम्रो जीवनमा जुनसुकै सानो वा ठूलो समस्याहरू आइपरे पनि र हामीले समाधान गर्नै नसक्ने समस्याहरू आइपरेपनि परमेश्वर त्यस्ता समस्याहरू समाधान गर्न अत्यन्तै सक्षम् हुनुहुन्छ भन्ने कुरा हामीलाई थाहा हुनु जरुरी छ।

दानिएल र उनका साथीहरूको प्रार्थना दुई प्रकारका थिए। ती के के हुन्? हेर्नुहोस्, **दानिएल २:१७-२३ "१७ तब दानिएल आफ्नो घर फर्के र आफ्ना साथीहरू हनन्याह, मीशाएल र अजर्याहलाई सो कुरा बताइदिए। १८ बेबिलोनका अरू ज्ञानी पुरुषहरूका साथमा तिनी र तिनका साथीहरू नमारिऊन् भन्ने खातिर यो रहस्य खोल्न स्वर्गका परमेश्वरको कृपा मिलोस् भनी तिनले आफ्ना साथीहरूलाई उहाँसँग प्रार्थना गर्न अनुरोध गरे। १९ राती दर्शनमा दानिएललाई यसको रहस्य प्रकट गरियो। तब दानिएलले स्वर्गका परमेश्वरलाई प्रशंसा गरे, २० र भने, सदासर्वदै परमेश्वरको नाउँमा स्तुति होस्। बुद्धि र पराक्रम उहाँकै हुन्। २१ उहाँले नै समय र ऋतुहरू परिवर्तन गर्नुहुन्छ। उहाँले राजाहरूलाई सिंहासनमा राख्नुहुन्छ र उनीहरूलाई अपदस्थ गर्नुहुन्छ। उहाँले समझदारहरूलाई बुद्धि दिनुहुन्छ अनि विवेकीहरूलाई ज्ञान दिनुहुन्छ। २२ उहाँले गहिरा र लुकिएका कुराहरू प्रकट गर्नुहुन्छ, उहाँले अन्धकारमा के छ भनी जान्नुहुन्छ, र ज्योतिले उहाँमा वास गर्छ। २३ हे मेरा पिता-पुर्खाका परमेश्वर, तपाईंलाई म धन्यवाद दिंदछु र तपाईंको प्रशंसा गर्दछु, तपाईंले मलाई बुद्धि र शक्ति दिनुभएको छ, हामीले मागेको कुरा तपाईंले मलाई प्रकट गर्नुभयो, तपाईंले हामीलाई राजाको सपना प्रकट गर्नुभयो।"**

यस अध्यायमा दुई किसिमका प्रार्थनाहरू उल्लेख गरिएको छ। पहिलो त राजाले देखेका सपना र त्यसको अर्थ खोलिदिन दानिएलले परमेश्वरसँग बिन्ति गर्दछन् (दानिएल २:१७-१९)। तर उक्त प्रार्थनामा दानिएलले के के भनेका थिए सो उल्लेख गरिएको छैन तर हामीलाई यो भनिएको छ कि दानिएल र उनका साथीहरूले "स्वर्गमा रहनुहुने परमेश्वरसँग दयाको भिख मागेका थिए ताकि तिनीहरूले बेबिलोनका बुद्धिजीविहरूसँग नाश हुन नपरोस्" (दानिएल २:१८ रूपान्तरित)। जब तिनीहरू प्रार्थना गर्छन् तब परमेश्वरले तिनीहरूको बिन्ती सुन्नुहुन्छ र राजाले देखेका सपना र त्यसको अर्थ तिनीहरूलाई प्रकट गर्नुहुन्छ। जब हामी पनि "स्वर्गमा हनुहुने परमेश्वरसँग "दया र करुणाको" निम्ति बिन्ती गर्छौं तब हाम्रो प्रार्थना पनि उहाँले सुन्नहुन्छ भन्ने कुरामा हामी ढुक्क हुनुपर्दछ। हाम्रो प्रार्थनाको जवाफ दानिएल र उनका साथीहरूले पाए जस्तै नाटकीय रूपमा नहोला तर दानिएलको परमेश्वर हाम्रो पनि परमेश्वर हुनुहुन्छ।

जब तिनीहरूको प्रार्थनाको जवाफ तिनीहरूले पाए तब तिनीहरू हर्षउल्लासका साथ परमेश्वरको स्तुति गर्छन् र धन्यवाद चढाउँछन्। परमेश्वर सारा बुद्धि र ज्ञानको स्रोत र सारा सृष्टि र राजनैतिक इतिहास उहाँको मातहतमा भएको कारणले तिनीहरूले उहाँको प्रशंसा गर्छन्। यहाँ अत्यन्तै महत्त्वपूर्ण पाठ हामीले सिक्नुपर्दछ। जब हामी परमेश्वरसँग प्रार्थना गर्छौं र धेरै थोकहरूको निम्ति बिन्ती गर्छौं तब उहाँले हाम्रो प्रार्थना सुन्नुभएकोमा कतिपटक हामी उहाँलाई धन्यवाद र स्तुति चढाउँदैनौं? मानिसहरू परमेश्वरप्रति कति आभारी वा कृतज्ञ हुदारहेछन् भन्ने प्रमाण येशूले १० जना कुष्ट रोगले सताएकाहरूलाई निको पार्नुभएको कथाले दिँदछ। उहाँले दशै जनालाई निको पार्नभएको थियो तर केवल एक जनाले मात्र परमेश्वरको महिमा गर्न फर्केर आयो (लूका १७:१८)। दानिएलले गरेको प्रार्थनाबाट परमेश्वरको स्तुति र प्रशंसा गर्नुपर्छ मात्र होइन हामी कुन परमेश्वरको आराधना गर्दैछौं त्यो परमेश्वरको चरित्रलाई पनि हामीले प्रकट गर्नुपर्दछ। जब हामी उहाँसँग प्रार्थना गर्छौं तब हाम्रो सर्बोच्च हितको निम्ति उहाँले काम गर्नुहुन्छ भनेर उहाँमाथि हामी भरोसा राख्छौं, त्यसैकारण हामीले सधैं उहाँको स्तुति र प्रशंसा गर्नु जरुरी छ।

**तपाईं जुनसुकै परिस्थिति वा वातावरणमा हुनुभएतापनि परमेश्वरप्रति आभारी भएर धन्यवादको स्तुति र प्रशंसा कसरी गर्ने भनेर भजन १३८ले तपाईंलाई सिकाउँछ? हेर्नुहोस् "१ हे परमप्रभु, म आफ्नो सारा हृदयले तपाईंको**

प्रशंसा गर्नेछु, “देवताहरू” का सामुन्ने म त तपाईंको प्रशंसा गर्नेछु। २ म तपाईंको पवित्र मन्दिरतिर फर्केर दण्डवत् गर्नेछु, र तपाईंको करुणा र विश्‍वसनीयताको निम्ति तपाईंका नाउँको प्रशंसा गर्नेछु, किनभने तपाईंले आफ्नो नाउँ र आफ्नो वचन सबै कुरामाथि उच्च पार्नुभएको छ। ३ जब मैले तपाईंलाई पुकारें, तपाईंले मलाई जवाफ दिनुभयो। तपाईंले मलाई साहसी र आँटिलो पार्नुभयो। ४ तपाईंको मुखका वचन सुन्दा, हे परमप्रभु, पृथ्वीका समस्त राजाहरूले तपाईंको प्रशंसा गरून्। ५ तिनीहरूले परमप्रभुका मार्गहरूको जयजयकार गरून्, किनकि परमप्रभुको महिमा महान् छ। ६ परमप्रभु अति उच्चमा विराजमान हुनुभए तापनि उहाँले नम्रहरूमाथि दृष्टि गर्नुहुन्छ, तर अहङ्कारीहरूलाई उहाँले टाढैबाट चिन्नुहुन्छ। ७ म सङ्कटमय मार्गमा हिँडे तापनि तपाईंले मेरो प्राणको सुरक्षा गरिदिनुहुन्छ। मेरा शत्रुहरूका क्रोधको विरुद्धमा तपाईंले हात बढाउनुहुन्छ, आफ्नो दाहिने बाहुलीले मलाई बचाउनुहुन्छ। ८ परमप्रभुले मेरो लागि उहाँको अभिप्राय पूरा गर्नुहुनेछ, तपाईंको करुणा, हे परमप्रभु, सदाको निम्ति रहिरहन्छ– तपाईंका हातको रचनालाई नत्याग्नुहोस्।"

## ३. मूर्तिः भाग १

दानिएलले दानिएल २:२४-३०मा के कुरा व्यक्त गर्दछन् जुन हामीले सधैं सम्झिरहनुपर्दछ? हेर्नुहोस्, "२४ तब दानिएल बेबिलोनका ज्ञानी पुरुषहरूलाई मार्न भनी राजाले खटाएका अर्योककहाँ गएर उनलाई भने, “बेबिलोनका ज्ञानी पुरुषहरूलाई नमार्नुहोस्। मलाई राजाकहाँ लैजानुहोस् र म उहाँलाई उहाँको सपनाको अर्थ बताइदिनेछु।” २५ अनि अर्योकले दानिएललाई तुरुन्तै राजाकहाँ लगे र भने, “यहूदाबाट आएका प्रवासीहरूमध्ये एक जना मानिसलाई मैले भेट्टाएको छु, जसले राजालाई सपनाको अर्थ बताउन सक्छ।” २६ राजाले दानिएललाई (जसको नाउँ बेलतसजर पनि हो) सोधे, “के तिमी मेरो सपना र त्यसको अर्थ बताउन सक्छौ?” २७ दानिएलले जवाफ दिए, “महाराजाले सोध्नुभएको रहस्यको कुरा कुनै पनि ज्ञानी पुरुष, मन्त्रतन्त्र गर्ने, जादूगर वा जोखना हेर्नेले बताउन सक्दैन, २८ तर स्वर्गमा एक परमेश्‍वर हुनुहुन्छ, जसले रहस्यका कुराहरू प्रकट गर्नुहुन्छ। उहाँले महाराजा नबूकदनेसरलाई भविष्यमा हुने कुराहरू देखाउनुभएको छ। हजूर ओछ्यानमा ढल्किरहनुहुँदा हजूरको मनमा भएका सपना र दर्शनहरू यी नै हुन्: २९ “हे महाराजा, हजूर ओछ्यानमा ढल्किरहनुभएको बेला हजूरको मन भविष्यमा के हुने होला भन्ने तर्फ गयो, र

**रहस्य प्रकट गर्नुहुनेले भविष्यमा हुने कुरा देखाउनुभएको छ। ३० तर जसै मलाई यो रहस्य खोलिएको छ, अरू जीवित प्राणीहरूभन्दा ममा बढ्ता बुद्धि भएको कारणले होइन तर यसैकारण कि हजूर महाराजालाई सपनाको अर्थ खोलिओस् र हजूरको आफ्नो मनमा भएका कुरा बुझ्न सक्नुभएको होस् भनेर हो।" यही परिवेशमा यूहन्ना १५:५-८ पनि पढ्नुहोस् "५ "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ। ६ कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैं बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ। यस्ता हाँगाहरू मानिसहरूले बटुल्छन्, र आगोमा फालिदिन्छन्, र ती जलिहाल्छन्। ७ तिमीहरू ममा रह्यौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ। ८ तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गर्‍यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ।"**

दानिएल र उनका साथीहरूको प्रार्थनाको जवाफमा परमेश्वरले राजाले देखेका सपना र त्यसको अर्थ प्रकट गर्नुहुन्छ। राजाले देखेका सपना र त्यसको रहस्यको समाधान स्वर्गका परमेश्वरसँग छ भनेर भन्न दानिएल हिचकिचाउँदैनन्। राजाले देखेका सपनाको बेहोरा र त्यसको अर्थ खोलिदिनुभन्दा पहिले राजा खाटमा सुत्नेबेलामा छटपटिरहेको बेलामा अरू कसैसँग व्यक्त नगरेको सोच र चिन्तामा मग्न थिए भन्ने कुरा पनि दानिएलले खुलासा गरे। जुन भेद खोलेर सपनाको अर्थ भन्न खोजिएको थियो त्यसमा दानिएलले भन्न खोजेको सन्देशमा पूर्ण विश्वसनियता भएको बताउँछन्। राजाको मनमा खेलिरहेको कुरा केवल अलौकिक शक्तिद्वारामात्र दानिएलले थाहा पाएको हुनुपर्छ भन्ने महसुस गरेर आफ्ना कानहरू ठाडो पार्दै उनी दानिएलको कुरा सुन्दछन्। तर राजाले देखेका सपना भन्न दानिएलको निम्ति अति नै चुनौतिपूर्ण पनि थियो किनभने राजाको निम्ति त्यो सपनामा भएको दर्शनको अर्थ शुभसमाचार **थिएन**। (सपनाको बारेमा विस्तार गर्नुभन्दा पहिले दानिएलले बेबिलोनमा मार्नको निम्ति थुनिएका बुद्धिजीवि वर्गहरूलाई नमार्न गरिएको अनुरोध पनि उल्लेखनीय नै मान्नुपर्दछ किनकि तिनीहरू दानिएलले उपासना गरेका परमेश्वरलाई नमान्ने मानिसहरू भएतापनि तिनीहरूको पनि बाच्ने अधिकार छ भन्ने दानिएलको विचारले सच्चा मानव अधिकारको अनुकरणीय उदाहरण देखाएको थियो भन्न सकिन्छ-अनुवादकको ध्यानाकर्षण)।

दानिएल २:३१-४९ पढेर नबूकदनेसारले देखेका सपनामा उनको राज्यको भविष्य कस्तो हुनेरहेछ भनेर उनले महसुस गर्न वाध्य हुनुपरेको कसरी देखाउछ? हेर्नुहोस्, "३१ "हे महाराजा, हजूरले हेरिरहनुहुँदा एउटा ठूलो सालिक उभिएको देख्नुभयो। यो सालिक विशाल र अत्यन्तै चहकिलो देखिन्थ्यो र त्यसको रूप भयानक थियो। ३२ त्यस सालिकको टाउको निक्खर सुनको, त्यसका छाती र हातहरू चाँदीका, त्यसका पेट र तिघ्राहरू काँसाका, ३३ त्यसका गोड़ाहरू फलामका, र त्यसका खुट्टाहरू केही फलाम र केही माटोका थिए। ३४ हजूरले हेरिरहनुहुँदा चट्टानबाट एउटा ढुङ्गा काटियो, तर मानिसको हातद्वारा होइन। यसले त्यस सालिकका फलाम र माटोले बनेका खुट्टालाई हान्यो र ती चकनाचूर पारिदियो। ३५ त्यसपछि त्यो फलाम, काँसो, चाँदी र सुन सबै एकै चोटि धूलोपीठो भए, र ग्रीष्म ऋतुमा अन्न चुट्ने खलाबाट भुसलाई उड़ाएझैं बतासले त्यसलाई नाउँनिशानै नहुने गरी उड़ाएर लग्यो। तर त्यस सालिकलाई हान्ने त्यो ढुङ्गा बढ्दैगएर ठूलो पहाड़ बन्यो र पूरै पृथ्वीलाई ढाकिदियो। ३६ "सपना यही थियो, र अब महाराजालाई यसको अर्थ बताउनेछौं। ३७ हजूर नै राजाहरूका महाराजा हुनुहुन्छ। स्वर्गका परमेश्वरले हजूरलाई राज्य, पराक्रम, शक्ति र महिमा दिनुभएको छ। ३८ हजूरको हातमा उहाँले सारा पृथ्वीका मानिसहरू र पशुहरू र आकाशका पन्क्षीहरू दिनुभएको छ। जहाँ-जहाँ उनीहरू बस्छन्, उहाँले हजूरलाई उनीहरूमाथि अधिकार गर्न दिनुभएको छ। हजूर नै त्यो सुनको टाउको हुनुहुन्छ। ३९ "हजूरपछि, हजूरको भन्दा अलि कमजोर राज्य खड़ा हुनेछ। त्यसपछि काँसोको तेस्रो राज्यले सारा पृथ्वीमाथि अधिकार जमाउनेछ। ४० अन्त्यमा, फलामजस्तै बलियो चौथो राज्य आउनेछ, किनभने फलामले सबै थोक चकनाचूर पारिदिएझैं त्यसले अरू सबैलाई तोड़फोड़ गरी तितरबितर पार्नेछ। ४१ हजूरले यसका खुट्टा र औंलाहरू केही माटोले, केही फलामले बनेका देख्नुभएझैं यो विभाजित राज्य हुनेछ, तैपनि यसमा केही मात्रामा फलामको बल हुनेछ, जसरी हजूरले फलाम माटोसित मिसिएको देख्नुभयो। ४२ जसरी ती औंलाहरू केही फलाम र केही माटोका थिए, त्यसरी नै यो राज्य केही बलियो, केही सजिलैसित टुक्रिने हुनेछ। ४३ र हजूरले फलाम माटोमा मिसिएको देख्नुभएझैं मानिसहरू पनि मिश्रित जाति हुनेछन् र एकतामा रहनेछैनन्, जसरी फलाम माटोसित मिल्न सक्दैन। ४४ "यी राजाहरूको समयमा स्वर्गका परमेश्वरले एउटा राज्य खड़ा गर्नुहुनेछ, जुनचाहिँ कहिल्यै नष्ट हुनेछैन, न त यसको सार्वभौमिकता अरू कुनै जातिको हातमा दिइनेछ। यसले यी सबै राज्यहरूलाई चकनाचूर पार्नेछ र अन्त्य गर्नेछ,

**तर यो राज्यचाहिँ सदासर्वदा रहिरहनेछ। ४५ हजूरले देख्नुभएको ढुङ्गाको अर्थ यही हो, जुनचाहिँ मानिसको हातद्वारा नकाटिईकनै पहरोबाट आएको थियो– त्यो ढुङ्गा जसले फलाम, काँसो, माटो, चाँदी र सुनलाई धूलोपीठो पारिदियो। "महान् परमेश्वरले महाराजालाई भविष्यमा हुने कुराहरू देखाउनुभएको छ। त्यो सपना सत्य हो, र यसको अर्थ विश्वासयोग्य छ।" ४६ तब राजा नबूकदनेसरले दानिएलको अगाड़ि घोप्टो परी दण्डवत् गरे र तिनलाई आदर गरे, र साथै तिनलाई भेटी र धूप चढ़ाउन भनी हुकुम गरे। ४७ राजाले दानिएललाई भने, "साँच्ची नै तिमीहरूका परमेश्वर देवताहरूका पनि परमेश्वर र राजाहरूका प्रभु र रहस्य खोलिदिनुहुने हुनुहुन्छ, किनभने तिमीले यो रहस्य खोल्न सक्यौ।" ४८ तब राजाले दानिएललाई उच्च पदमा राखे र धेरै बहुमूल्य उपहारहरू दिए। उनले तिनलाई बेबिलोनका समस्त प्रदेशमाथि शासक बनाए र त्यहाँका सबै ज्ञानी पुरुषहरूका प्रधान तुल्याए। ४९ त्यसबाहेक दानिएलको अनुरोधमा राजाले शद्रक, मेशक र अबेद्नगोलाई बेबिलोनको प्रदेशमाथि प्रशासक नियुक्त गरे। दानिएल आफैचाहिँ राजदरबारमै रहे।"**

राजाले सपनामा अत्यन्तै प्रभावकारी, भव्य र तेजस्वी मूर्ति देखेका थिए। उनले देखेको सपनाको मूर्ति टाउको तेजाबी सुनको थियो, त्यसको छाती र बाहुलाहरू चाँदीका थिए, त्यसको पेट र कम्मर काँच वा ढलौटको थियो, त्यसका खुट्टाहरू फलामका थिए अनि त्यसका पाइतालाहरू माटो र फलाम मिसिएका थिए" (दानिएल २:३२,३३ रूपान्तरित)। अनि आकाशबाट एउटा ठूलो चट्टान वा पिण्ड आएर त्यस मूर्तिको पाइतालामा ठोक्कियो र त्यो भयानक मूर्ति अचानक चकनाचुर भएर त्यसका अवशेषहरू हावामा भूस उडे जस्तै उडेका थिए। विभिन्न धातुहरूले बनेको मूर्तिको अर्थ एक पछि अर्को गरी आउने फरक साम्राज्यहरू हुन् भनेर दानिएलले व्याख्या गरे। संसारको इतिहासको क्रममा एक साम्राज्यले अर्को साम्राज्यको ठाउँ लिनेछ भन्ने भेद पनि खुलाउँछन्। सपनाको सन्देश स्पष्ट थियो। नबूकदनेसरको बेबिलोन विश्वको सुनौलो सभ्यतामा गनिन्छ। तर त्यस राज्यको महिमा, पराक्रम र यशस्वीमय गौरबलाई अर्कै देशको राजाले कब्जा गर्नेछ। एकपछि अर्को कमसल राज्यसंरचनाले यो संसारमाथी शासन गरेपछि अन्तमा सबैभन्दा फरक स्वभावको राज्यले विश्वमा राज गर्नेछः त्यो हो परमेश्वरको अनन्तको राज्य जो सदासर्वदा रहिरन्छ।

**मानिसहरू जतिसुकै पराक्रमी, महान्, अहंकारी भएर अरूलाई थिचोमिचो गर्ने भएतापनि मानव जीवन कति अस्थायी वा क्षणिक र छिटै नाशहुन**

सक्ने कमजोर छ भनेर सोच्नुहोस्। मानिस र उसले बनाएका संरचना वा उपलब्धिहरू हेरेर उदास हुनुपर्ने परिवेशमा येशूमात्र हामीमा हुनुभएको आशाले हामीलाई के सिकाउँछ? हेर्नुहोस्, यूहन्ना ६:४७-५९ "४७ साँच्चै म तिमीहरूलाई भन्दछु, जसले विश्वास गर्छ त्यससित अनन्त जीवन छ। ४८ म जीवनको रोटी हुँ। ४९ तिमीहरूका पिता-पुर्खाहरूले उजाड-स्थानमा मन्न खाए तापनि तिनीहरू मरेर गए। ५० स्वर्गबाट ओर्लिआउने रोटी यही हो, जसले यो खान्छ त्यो मर्नेछैन। ५१ स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ। कसैले यो रोटी खायो भने त्यो सधैँभरि जिउनेछ। र जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो।" ५२ तब यहूदीहरू आपसमा बहस गर्न लागे, "यस मानिसले कसरी हामीलाई आफ्नो देह खान दिन सक्छ?" ५३ येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले मानिसको पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ भने, तिमीहरूमा जीवन हुँदैन। ५४ मेरो देह खाने र मेरो रगत पिउनेसित अनन्त जीवन छ, र अन्त्यको दिनमा म त्यसलाई जीवित पार्नेछु। ५५ किनभने मेरो देह साँच्चै खानेकुरो हो, र मेरो रगत साँच्चै पिउने कुरो हो। ५६ मेरो देह खाने, र मेरो रगत पिउनेचाहिँ ममा रहन्छ, र म त्यसमा रहन्छु। ५७ जसरी जीवित पिताले मलाई पठाउनुभयो, र म पिताको कारणले जिउँछु, त्यसै गरी मलाई खाने पनि मेरो कारणले जिउनेछ। ५८ स्वर्गबाट आएको यो रोटी त्यस्तो होइन, जो पिता-पुर्खाहरूले खाए तापनि मरेर गए। यो रोटी खानेचाहिँ सधैँभरि जिउनेछ।" ५९ उहाँले यी कुरा कफर्नहुमको सभाघरमा शिक्षा दिँदा भन्नुभएको हो।" र २ कोरन्थी ४:१६-१८ "१६ यसकारण हामी हरेस खाँदैनौं। हाम्रो बाह्य मनुष्यत्व नाश हुँदैगए तापनि हाम्रो आत्मिक मनुष्यत्वचाहिँ दिनदिनै नयाँ हुँदैजान्छ। १७ किनकि हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रा निम्ति अतुलनीय तथा अनन्तको महान् महिमा तयार गरिरहेछ। १८ हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन्।"

## ४. मूर्तिः भाग २

फेरि राजाले देखेको सपना र त्यसको अर्थ पढ्नुहोस् (दानिएल २:३१-४९ जुन भाग ३ मा उल्लेख गरिएको छ)। परमेश्वरले निर्धारण गर्नुभएको अर्थात् लोकसम्मत विचार अनुसार भाग्यमा लेखिएका ऐतिहासिक घट्नाका लेखाहरूसँग बाइबल सहमत नभएको तर विश्वको इतिहासले कसरी फड्को मार्छ भन्ने पूर्वज्ञान उहाँमा भएको सत्यबाट हामी के सिक्न सक्छौं?

राजाले देखेको सपना विश्व इतिहासको रुपरेखा थियो। आफ्नो उपलब्धिसँग गौरब मानेका तर उनी पछि उनले स्थापना गरेका साम्राज्यको गति के हुनेहोला भनेर चिन्तामा परेका राजालाई अन्तर्यामी परमेश्वरले "लौ, यो हुनेछ" भनेर खुलस्त गरेर देखाउनुभएको थियो। तत्कालीन राजा नबूकदनेसरलाई दानिएलले दानिएल २मा  हुनेवाला विश्व इतिहासको रूपरेखा र त्यसको चलखेल वारे बताएतापनि त्यसको अझ बिस्तृत विवरणचाहीँ दानिएल ७,८ र ११मा उपलब्ध गराइएको छ। फेरि दानिएल २को भविष्यवाणी कुनै शर्तमा पूरा हुने वा नहुने होइन। यथार्थमा विश्वको इतिहासको चित्रण वा त्यसको प्रगति मानिसहरूले जतिसुकै आशा देखाएतापनि भविष्यको मानव इतिहास अन्धकार र बिनाशकारी हुने निश्चित छ भनेर परमेश्वरले देख्नुभएको थियो। राजा नबूकदनेसरदेखि यस पृथ्वीको अन्तसम्ममा रहेका सबै मानिसहरूलाई यस भौतिक संसारको हुनेवाला यथार्थ गतिविधिको बारेमा परमेश्वरले अवगत गराउन चाहनुभएको थियो।

१ *सुनको टाउको*: यो बेबिलोन वा आधुनिक इराकको स्वर्णयुग हो। यो ई.पू. ६२९-५३९सम्मको त्यस क्षेत्रको गौरबमय इतिहास हो। सुन शक्ति र धनको प्रतीक हो। बेबिलोनको सभ्यता, साम्राज्यको शक्ति र गौरबलाई जनाउने अमूल्य धातुमा सुन जस्तो अरू छैन। बेबिलोन सहर वा त्यस देशको राजधानीलाई सुनौलो सहर भनेर बाइबलले नै सम्बोधन गर्दछ (यशैया १४:४)। त्यतिमात्र नभएर यो सहरलाई परमेश्वरका हातहरूमा भएको सुनको कचौरा भनेर भनेर पनि उल्लेख गरिएको छ (यर्मिया ५१:७, प्रकाश १८:६सँग तुलना गर्नुहोस्। त्यसबेलाको विश्वविख्यात इतिहासकार हेरोडोटसले बेबिलोनको सहरको गौरब बताउँदै उनले भनेका छन् यो सहर सुनै सुनले सजिएको छ।

२. *चाँदीका छाती र बाहुलाहरू* : बेबिलोनको पतनपछि दोस्रो साम्राज्य तर बेबिलोन भन्दा पनि कमसल राज्य मादी र फारसी अर्थात् मिड-पर्सिया राज्य हो जसको अवधि ई.पू. ५३९-३३१ सम्म रहेको थियो। जसरी चाँदीको मोल सुनको भन्दा पनि कम वा थिरै भए जस्तै मिड र पर्सिया साम्राज्य कहिल्यै पनि बेबिलोनको गौरब र शोभाको स्तरमा पुग्न सकेका थिएनन्। अझ यस साम्राज्यलाई चाँदीको रूपमा तुलना गरिनुले अचम्मको कुरो ठ्याक्कै मिल्दछ किनभने तिनीहरूको कर प्रणालीमा चाँदी प्रयोग गरिन्थ्यो।

३. *चरेस वा काँसको पेट र कम्मर*: यो ग्रीक साम्राज्य वा सभ्यताको प्रतीक हो। यसको अवधि ई.पू. ३३१देखि १६८सम्म थियो। ग्रीक वा ग्रीस

साम्राज्यले त्यसबेलाको चलनचल्तीमा ल्याएका काँसा वा चरेसको भाँडाकुँडा हुन् भनेर इजकिएल २७:१३मा चित्रण गरिएको छ। सैनिकको टाउकोमा लगाइने टोप, ढाल र युद्धमा चलाइने अस्त्र बञ्चरोहरू चरेस वा काँसका थिए। मिश्रदेश अर्थात् इजिप्ट देशको धर्मशास्त्रीय भविष्यवाणी अनुसार त्यस देशको राजा समटिकस प्रथमले चरेस जस्तै बलिया ग्रीक डाँकुहरू समुद्रबाट आक्रमण गर्न आएको देखेका थिए भनेर पौराणिक इतिहासकार हेरोडटसले हामीलाई भन्दछन्।

४. *फलामका खुट्टाहरू:* यसले स्वत रोमको साम्राज्यलाई देखाउँदछ जसको अवधि ई.पू. १६८देखि सन् ४७६सम्म थियो। रोमी साम्राज्य फलामले जस्तै सबैलाई चक्नाचुर पार्ने शक्तिशाली राज्य हुनेछ भनेर दानिएलले राजा समक्ष व्याख्या गरेका थिए। यो साम्राज्य अगाडिको अन्य साम्राज्यभन्दा धेरै वर्ष टेकिएको थियो। त्यस देशको अस्त्रसस्त्रमा फलाम बढि प्रयोग गरिने भएकोले रोमी साम्राज्य फलाम जतिकै अत्यन्तै उपयुक्त देखिन्छ।

५. *माटो मिसिएको पाइताला वा खुट्टाहरू:* यसले बिभाजित युरोपलाई इङ्गित गर्दछ जुन सन् ४७६मा रोमको पतनदेखि येशूको दोस्रो आगमन नहुञ्जेल चलिरहन्छ। जब रोमी सभ्यता र विश्व साम्राज्य टुक्रा टुक्रा भयो तब एकताका रोमको शक्तिमा रहेका राष्ट्रहरूको गति के भयो र के हुनेछ भनेर फलाम र माटो मिसिएको पाइतालाद्वारा जनाइनु उपयुक्त देखिन्छ। युरोपलाई एकीकरण गर्न धेरै प्रयासहरू गरिएका थिए। युरोपका विभिन्न राष्ट्रहरूका राजाहरूको बीचमा विवाहवारी चलाएर पनि एकीकरण गर्न खोजिएका थिए भने युरोपियन युनियन खडा गरेर पनि युरोपलाई एकै देश बनाउन खोजिएको थियो भने त्यो प्रयास अझै पनि भइ नै रहेका छन्। जसरी माटो र फलाम मिसिन सक्दैन त्यसरी नै युरोपको विभाजन र बेमेलताले भविष्यवाणी पूरा भइरहेको देखाउँदछ। यो प्रक्रिया त्यसबेलासम्म नै जारी रहनेछ जब परमेश्वरले आफ्नो अनन्तको राज्य भौतिकरूपमै यस संसारमा स्थापना गर्नुहुनेछ।

## ५. चट्टान

**आखिरमा हामी रहेको यो पृथ्वीको भविष्य के होला भनेर दानिएलले देहायका पदहरूमा कसरी बताउँछन्? हेर्नुहोस्, दानिएल २:३४-४५ "३४ हजूरले हेरिरहनुहुँदा चट्टानबाट एउटा ढुङ्गा काटियो, तर मानिसको हातद्वारा होइन। यसले त्यस सालिकका फलाम र माटोले बनेका खुट्टालाई हान्यो र ती**

चकनाचूर पारिदियो। ३५ त्यसपछि त्यो फलाम, काँसो, चाँदी र सुन सबै एकै चोटि धूलोपीठो भए, र ग्रीष्म ऋतुमा अन्न चुट्ने खलाबाट भुसलाई उड़ाएझैं बतासले त्यसलाई नाउँनिशानै नहुने गरी उड़ाएर लग्यो। तर त्यस सालिकलाई हान्ने त्यो ढुङ्गा बढ्दैगएर ठूलो पहाड़ बन्यो र पूरै पृथ्वीलाई ढाकिदियो। ३६ "सपना यही थियो, र अब महाराजालाई यसको अर्थ बताउनेछौं। ३७ हजूर नै राजाहरूका महाराजा हुनुहुन्छ। स्वर्गका परमेश्वरले हजूरलाई राज्य, पराक्रम, शक्ति र महिमा दिनुभएको छ। ३८ हजूरको हातमा उहाँले सारा पृथ्वीका मानिसहरू र पशुहरू र आकाशका पन्क्षीहरू दिनुभएको छ। जहाँ-जहाँ उनीहरू बस्छन्, उहाँले हजूरलाई उनीहरूमाथि अधिकार गर्न दिनुभएको छ। हजूर नै त्यो सुनको टाउको हुनुहुन्छ। ३९ "हजूरपछि, हजूरको भन्दा अलि कमजोर राज्य खड़ा हुनेछ। त्यसपछि काँसोको तेस्रो राज्यले सारा पृथ्वीमाथि अधिकार जमाउनेछ। ४० अन्त्यमा, फलामजस्तै बलियो चौथो राज्य आउनेछ, किनभने फलामले सबै थोक चकनाचूर पारिदिएझैं त्यसले अरू सबैलाई तोड़फोड़ गरी तितरबितर पार्नेछ। ४१ हजूरले यसका खुट्टा र औंलाहरू केही माटोले, केही फलामले बनेका देख्नुभएझैं यो विभाजित राज्य हुनेछ, तैपनि यसमा केही मात्रामा फलामको बल हुनेछ, जसरी हजूरले फलाम माटोसित मिसिएको देख्नुभयो। ४२ जसरी ती औंलाहरू केही फलाम र केही माटोका थिए, त्यसरी नै यो राज्य केही बलियो, केही सजिलैसित टुक्रिने हुनेछ। ४३ र हजूरले फलाम माटोमा मिसिएको देख्नुभएझैं मानिसहरू पनि मिश्रित जाति हुनेछन् र एकतामा रहनेछैनन्, जसरी फलाम माटोसित मिल्न सक्दैन। ४४ "यी राजाहरूको समयमा स्वर्गका परमेश्वरले एउटा राज्य खड़ा गर्नुहुनेछ, जुनचाहिँ कहिल्यै नष्ट हुनेछैन, न त यसको सार्वभौमिकता अरू कुनै जातिको हातमा दिइनेछ। यसले यी सबै राज्यहरूलाई चकनाचूर पार्नेछ र अन्त्य गर्नेछ, तर यो राज्यचाहिँ सदासर्वदा रहिरहनेछ। ४५ हजूरले देख्नुभएको ढुङ्गाको अर्थ यही हो, जुनचाहिँ मानिसको हातद्वारा नकाटिईकनै पहरोबाट आएको थियो– त्यो ढुङ्गा जसले फलाम, काँसो, माटो, चाँदी र सुनलाई धूलोपीठो पारिदियो। "महान् परमेश्वरले महाराजालाई भविष्यमा हुने कुराहरू देखाउनुभएको छ। त्यो सपना सत्य हो, र यसको अर्थ विश्वासयोग्य छ।"

सपनाको केन्द्रविन्दु नै अन्तिम दिनहरूमा यो संसार के हुनेछ भन्ने चित्रण हो (दानिएल २:२८)। विभिन्न धातुहरू र अन्तमा आएर फलाम र माटो जतिसुकै शक्तिशाली र बहुमूल्य भएतापनि चट्टानरूपी राज्यको स्थापना हुनेछ भनेर तिनीहरूले संकेत गराएका थिए। धातुहरू, फलाम र माटो

मिसिएको राज्य भनेको मानिसहरूको प्रयास वा उपलब्धिहरू हुनसक्छन् तर आकाशबाट आएको चट्टानचाहीँ मानिसले छुन नसक्ने गरेर नै आएको हुन्छ। अर्को शब्दमा भन्ने हो भने अगाडिको प्रत्येक साम्राज्यहरूको अन्त्य हुन्छ तर चट्टानले इङ्गित गरेको राज्यचाहीँ सदासर्वदा रहिरहन्छ। चट्टान भनेर इङ्गित गर्नुको अर्थ चाहीँ परमेश्वरको प्रतीक हो (उदाहरणमा व्यवस्था ३२:४ "उहाँ नै चट्टान हुनुहुन्छ। उहाँका काम सिद्ध छन्, र उहाँका सबै चाल न्यायोचित छन्। एउटा विश्वासयोग्य परमेश्वर जसले भूल गर्नुहुन्न, न्यायी र सत्य उहाँ हुनुहुन्छ।", १ शमूएल २:२ "परमप्रभुबाहेक पवित्र अरू कोही छैन, तपाईंजस्तै अरू कोही छैन, हाम्रा परमेश्वरजस्तै अरू कुनै चट्टान छैन।" र भजन १८:१, ३१ "१ हे परमप्रभु, मेरो शक्ति, म तपाईंलाई प्रेम गर्दछु। २ परमप्रभु मेरो चट्टान, मेरो किल्ला र मेरा उद्धारक हुनुहुन्छ। मेरा परमेश्वर मेरो चट्टान हुनुहुन्छ, जसमा म शरण लिन्छु। उहाँ मेरो ढाल, र मेरा शक्तिशाली उद्धारक हुनुहुन्छ, मेरो गढ़।...३१ किनकि परमप्रभुबाहेक अरू को परमेश्वर छ र? हाम्रा परमेश्वरबाहेक अरू चट्टान को छ र? " चट्टान भन्नाले मसीहको प्रतिक पनि हुनसक्छ (भजन ११८:२२ "जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गो बन्यो।" र १ पत्रुस २:४-७ "४ उहाँकहाँ जाओ, जो जीवित पत्थर हुनुहुन्छ। मानिसहरूबाट इन्कार हुनुभएको, तर परमेश्वरको दृष्टिमा उहाँ चुनिनुभएको र बहुमूल्य हुनुहुन्छ। ५ तिमीहरू पनि येशू ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढ़ाउने पवित्र पूजाहारीगिरीको निम्ति जीवित पत्थरहरूझैं आत्मिक घर बन्दैजाओ। ६ किनभने धर्मशास्त्रमा भनिएको छ, "हेर, सियोनमा एउटा छानिएको र बहुमूल्य कुने-ढुङ्गो म बसाल्छु, र जसले उहाँमाथि विश्वास गर्छ त्यो शर्ममा पर्नेछैन।" ७ यसकारण तिमीहरू जसले विश्वास गर्छौ तिमीहरूका निम्ति त उहाँ बहुमूल्य हुनुहुन्छ, तर विश्वास नगर्नेहरूका निम्ति चाहिँ, " जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गा बन्यो।" त्यसले गर्दा नबूकदनेसरले देखेको सपनाको मूर्ति वा विश्व साम्राज्यलाई चक्नाचुर पार्ने पत्थर अरू केहि नभएर परमेश्वरको राज्यको स्थापनालाई देखाउने प्रतीक वा चिन्ह नै हो ।

ए, त्यसो भए जब येशूले यस पृथ्वीमा सेवाकार्य गर्नुभयो त्यहीँबाट परमेश्वरको राज्य खडा भएको त्यस चट्टानले देखाउँछ भनेर जिद्दी गर्छन् साथै सारा संसारमा सुसमाचार फैलिएको अर्थले परमेश्वरको राज्यको स्थापना भएको भन्ने कुरालाई इङ्गित गर्छ भनेर दावी गर्छन्। तर मूर्तिको अवस्थालाई केलाएर

हेरियो भने पत्थररूपी राज्यको स्थापना त्यसबेला हुन्छ जब चार मुख्य साम्राज्यहरूको पतन हुन्छ र पाइताला र त्यसका औँलाहरूले इङ्गित गरेका विभाजित राज्यको अन्त हुन्छ। त्यसकारण येशूको समयमा नै परमेश्वरको राज्य सुरू भयो भन्नु गलत हो किनभने येशूको सेवाकार्य त्यसबेला सुरू भयो जब चौथो राज्य वा रोमीहरूले विश्वमाथि शासन गरेका थिए।

तर मूर्तिलाई चक्नाचुर पार्ने पत्थर त भयानक पहाड भएर बढ्छ भनिएको छ साथै त्यो पहाडले त यो पृथ्वी नै भरियो भनिएको छ (दानिएल २:३५)। पहाडले सियोन पहाडलाई याद दिलाउँछ जहाँ परमेश्वरको मन्दिर स्थापित थियो। पुरानो करारमा त्यो मन्दिरले नै यस संसारमा परमेश्वरको राज्यको प्रतिनिधित्व गर्थ्यो। मूर्तिको सन्दर्भमा पहाडबाट चोइटिएको पत्थर आफै पहाड भएको देखाइनु चासोको विषय हो। भएकै पहाडबाट पत्थर निस्किएको भन्दा स्वर्गको सियोन पहाड जो स्वर्गको पवित्र मन्दिर हुनसक्छ जहाँबाट येशूले उहाँको अनन्तको राज्य स्थापना गर्नुहुनेछ। यो यरुशलेम स्वर्गबाट ओर्लिन्छ (प्रकाश २१:१-२२:५) जब अन्तमा त्यस राज्यको उद्देश्य पूरा हुन्छ।

**अहिलेसम्म दानिएल २ ले गरेको भविष्यवाणी राज्यहरूको बारेमा गरिएको सही भविष्यवाणीको रुपमा प्रमाणित भएको छ। त्यस परिप्रेक्ष्यमा परमेश्वरको अनन्तको राज्यलाई औंल्याउने अन्तिम राज्य पनि तर्कयुक्त छ, त्यसकारण दानिएल २ले गरेको अन्तिम राज्यको भविष्यवाणीमा भरोसा राख्नु किन बुद्धिमानी देखिन्छ? त्यस भविष्यवाणीलाई विश्वास नगर्नु किन नाजायज हुन्छ?**

## उपसंहारः

**थप** जानाकारीः **दानिएल** २मा उल्लेख गरिएको मूर्ति विभिन्न धातुहरूद्वारा बनिनु आफैमा अर्थपूर्ण छ। सुन र चाँदी आर्थिक शक्ति वा सम्पन्नतासँग सम्बधित हुन्छन्। काँस र फलामलाई अस्त्र र भाँडाकुँडाहरू बनाउन प्रयोग गरिन्छ। पौराणिक युगमा भाँडाकुँडाहरू घरको निम्ति प्रयोग गरिन्थ्यो भन्ने कुरा कुनै मनगढन्ते कुरा होइन किनभने आजको सभ्यतामा पनि तिनीहरूलाई प्रयोग गरिएकै छ। त्यसकारण त्यस मूर्तिले मानिस र उसका उपलब्धिहरूलाई स्पष्टरूपमा चित्रण गर्दछ। शिरदेखि पाउसम्म विभिन्न धातुले बनेको मूर्तिले यस संसारको इतिहासको क्रमलाई देखाउँछ। एक प्रतापी वा शक्तिशाली साम्राज्यपछि अर्को साम्राज्य आउँछन् र अन्तमा विश्वका राष्ट्रहरू फलाम र माटो नमिसिए जस्तै अलग अलग कित्तामा उभिनेछन्। (फलामको अर्थ एक

राष्ट्रले अर्को राष्ट्रलाई आर्थिक, धार्मिक, राजनैतिक बलले कमजोर माटोरूपी राष्ट्रहरूलाई दवाउनु हो। यो केवल राष्ट्रको सन्दर्भमामात्र लागु नहुने भएर प्रत्येक व्यक्तिको जीवनमा पनि लागु भइरहेको हुन्छ। घरेलु हिंसा, अनेकौं अपराध, शोषण, अरूलाई थिचोमिचो गर्ने, हेप्ने प्रवृति कुनै न कुनै रूपमा सबै समाजमा विद्यमान छन्-अनुवादकको विचार)।

अनेकौ किसिमका गठबन्धनहरूद्वारा राष्ट्रहरूलाई एक पार्ने भरमग्दुर प्रयास गरिएका थिए र अहिले पनि गरिरहेकै छन्। उदाहरणको लागि राष्ट्रसंघ जस्ता निकायहरू खडा भएका छन् जसको सपना वा प्रयास हो विश्वका सबै राष्ट्रहरू एकै होऊन्। *तर माटो र फलामको मिश्रण जस्तै* तिनीहरू एक छन् कि छैनन् भन्ने प्रमाण आजका समाचार पत्रहरूले दिइरहेका छन्। विश्वका राष्ट्रहरू नमिल्ने तर युद्ध गर्ने जस्ता क्रियाकलापहरू त्यसबेलासम्म जारिरहनेछ जब सम्म मानिसको हातले बनाएका वा मानव दर्शन वा वादले उब्जेका चट्टान वा उल्का आकाशबाट आएर त्यस मूर्तिलाई चक्नाचुर पार्दैन (दानिएल २:४५)। यो अस्थायी वा क्षणिक संसार र मानिसका राजनैतिक, शैक्षिक, वैज्ञानिक, प्राविधिक आदि उपलब्धिहरू अलौकिक प्रकारले धुलो पिठो हुनेछन्।

हुनत "मानिसको आँखाले हेर्दा वा दिव्यज्ञानबिनाको दृष्टिकोणले हेर्दा यो संसारमा अनेकौं शक्तिहरूले एक आपसमा टक्कर गरेर अन्यौलता, उपद्रो र गञ्जागोलको नाटक मन्चन गरिरहेको कुरा हामी देख्न सक्छौं। तर ती सबैको पर्दापछाडि परमेश्वर उभिरहनुभएको छ र हेरिरहनुभएको छ। उहाँको हेराइमा जुन उच्चता छ त्यसको निम्ति उहाँले पनि आफ्नै चाल चालिरहनुभएको छ भनेर दानिएल हामीलाई विश्वस्त गराउन चाहन्छन्।"- विलियम एच. शिय, *दानिएलः अ रिडर्स गाइड* (पासिफिक, २००५), पृ. ९८बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. **यो संसारमा भइरहेको दुःख, कष्ट, सास्ती, आतङ्क, गञ्जागोललाई हामीले टुलुटुलु हेरिरनुपरिरहेको परिस्थितिमा अन्तमा सबैथोक परमेश्वरको नियन्त्रणमा छ र सबै थोकको अन्त्य गौरबमय तरिकाले हुनेछ भन्ने आत्माज्ञान तथा विश्वास हामीमा कतिको मजबुद तथा असल रुपमा रहेको छ, कि छैन ? यद्यपि, त्यो समय नआउँञ्जेल हामीले यस पृथ्वीका नागरिक भएर पतित संसारमा दुःख,कष्ट आदि पाइरहेका मानिसहरूको उत्थानको निम्ति हाम्रो प्रयास किन जारी राख्नुपर्छ?**

आ. आफ्नो देशका जनताहरूलाई आतङ्कित पार्ने र नाश गर्ने बेबिलोनको मूर्तिपुजक राजाको सेवामा दानिएल र उनका साथीहरू बफादार भएर काम गरिरहेका थिए। आफ्नो शत्रुको हितको निम्ति सेवा गर्ने परमेश्वरका ती सुरबिरहरूको बारेमा हामी कसरी व्याख्या गर्न सक्छौं के मानवीय हिसावले त्यो सम्भव छ त?

इ. मानिसको हातले होइन तर आकाशबाट चट्टान आएर यो संसारमा भरिनुको अर्थ विश्वमा सुसमाचार प्रचार भएको देखाइनु र त्यो भविष्यवाणी पूरा भइसकेको छ भनेर कतिपयहरू सिकाउँछन् भनेर हामीले अगाडि हेऱ्यौं। दानिएल २:३५ले समेत विभिन्न कारणहरूले सेभेन्थ-डे एडभेन्टिस्टहरू उक्त तर्कसँग सहमत हुँदैनन्। त्यसमा भनिएको छ विगतका राष्ट्रहरूलाई त्यस चट्टानले चक्नाचुर पार्नेछ र हावाले भूस उडाए झैं तिनीहरूको कुनै नाम निशानै हुँदैन। येशूको मृत्युपछि त्यो भएको थिएन। अझ कतिपयले चट्टानको राज्य भनेको चर्च हो भनेर दावी गर्छन् तर त्यो चट्टानले सबै खालका मानव संरचना, उपलब्धी, राजनैतिक र भौतिक नियन्त्रणहरूको अन्त गर्नेछ भन्ने विषयमा उक्त तर्कले ध्यान दिँदैन। चट्टानले ल्याउने राज्य कुनै स्थान, निकायमा सिमित नभएर सारा संसारलाई नै ओगट्ने राज्य हुनेछ। त्यसकारण सपनामा देखाइएको भविष्यवाणीको निर्णायक अन्त केवल येशूको दोस्रो आगमनले मात्र पूरा गर्नेछ भनेर गरिएको चित्रण अन्य तर्कहरूसँग मेल खाँदैन। त्यसकारण अन्तको समयमा चट्टानले ल्याउने नतिजाको विषयमा गरिने तर्कले केवल येशूको दोस्रो आगमनको घट्नालाई आत्मसात् गरे मात्र जायज व्याख्या हुनेछ भनेर हामीले ठान्नुपर्छ?

## कथा ३

## आगोले पनि नछोएको किताब

## आन्द्र्यु मेकचिस्नी

नाइजेरियाको एक विद्यार्थी ओलाजिडे ओलुवाटोबी इगबिन्यानी एउटा कोठा भाडामा लिएर कलेज पढ्दै थियो। एक दिन उसको कोठामा ठूलो आगलागी भयो र फलामको पाइप समेत जलेको थियो। उसँग भएको सबै थोक आगोले भष्म पारेको थियो। तर एउटा पुस्तकलाई आगोले नछोएको देख्दा ऊ साह्रै चकित पर्‍यो। त्यो पुस्तक एलेन जी ह्वाइटको *द ग्रेट होप* थियो। ओलाजिडेले त्यो पुस्तक तुरुन्तै पढ्यो र नजिकैको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा गयो। त्यस चर्चका सदस्यहरूले साबथको दिनमा सुसमाचार साहित्य बाँड्ने कार्यक्रममा त्यो पुस्तक उसलाई दिएका थिए।

"यो पुस्तक महान् छ र अचम्मको छ" इग्बिनियामीले अचम्म मानिरहेका चर्चका सदस्यहरूलाई भने। आगोले नछोएको *द ग्रेट होप (महान् आशा)* किताबलाई सबैले देख्ने गरि उसले गवाही दियो। यो ग्रेट कन्त्रोभर्सीको छोटकरीमा लेखिएको ११ अध्याय भएको पुस्तक थियो।

"यस्तो खालको पुस्तक मैले कहिल्यै पनि देखेको थिइन" उसले भन्यो। "त्यो आश्चर्यले गर्दा यो किताब पढेरै सिध्याउने निधो मैले गरें।

अफ्रिका महादेशको नाइजेरियाको राजधानी लागोसदेखि १३५ किलोमिटर उत्तरपूर्वमा रहेको इडी सहरमा चर्चका एक जना सदस्यले त्यो पुस्तक ३०वर्षका इगबिन्यामीलाई दिएका थिए। उक्त चर्चका सदस्य विश्व एडभेन्टिस्ट चर्चले लक्ष्य राखेको एक अर्ब आत्मिक साहित्य विश्वभरिका सहरहरूमा बाँड्ने कार्यक्रममा जुटेका थिए। त्यसै कार्यक्रममा नाइजेरियाको प्रदेश ओसुनमा पनि हजारौंप्रति *ग्रेट होप* बितरण गर्ने योजना थियो। प्रत्येक त्रैमासिकको एक विशेष साबथलाई **ग्रेट होप डे** भनेर छुट्याइएको थियो। त्यस दिन त्यो पुस्तक वितरण गर्न छुट्याइएको थियो भनेर जोसेफ आडबोमीले भने जो ओसुन एडभेन्टिस्ट चर्च कन्फरेन्सको अध्यक्ष हुनुहुन्छ।

त्यो पुस्तक हातमा परेपनि त्यसलाई नपढिकन इगबिन्यानीले कोठामै छोडेर सेप्टेम्बर २०१८मा भ्रमण गर्न गएका थिए। ऊ नाइजेरियाको इड सहरमा भएको उच्च विद्यालय फेडरल पोलिटेक्निकका विद्यार्थी थिए। जब उनी फर्केर आए तब उनी बसेको घरमा आगलागी भएको थियो। उनको

स्कूलका कितावहरू, फर्निचर, लुगाफाटा र ओछ्यानहरू सबै आगोले भष्म पारेको थियो। "फलाम पनि पग्लेको थियो" छक्क पर्दै उनले सुनाए।

के कारणले आगलागी भयो सो उनलाई थाहा थिएन। तर उनले खरानीभित्र खोतलेर हेर्दा *द ग्रेट होप* आगोले नछोएको अवस्थामा पाएका थिए। त्यस दिन उनले बडो उत्सुकतासाथ त्यो पुस्तक पढे। आजको अन्यौल र अव्यवस्थित संसारको इतिहासलाई व्याख्या गर्न त्यस पुस्तकमा बाइबलको भविष्यवाणीलाई प्रयोग गरिएको छ। अनि उनी तुरन्तै एडभेन्टिस्ट चर्चमा आफ्नो गवाही भन्न दगुरेर गएका थिए।

"तपाईं कुन पुस्तकको बारेमा भनिरहनुभएको छ त्यो तपाईंलाई थाहा छैन। यसमा परमेश्वरको शक्ति छ" अडेबोमीले भने। सबैको सामु इग्बिन्यामीले घुँडा टेकेर परमेश्वरको प्रशंसा गरे।

यो कथाले मानिसहरूको हृदय छोइरहेको छ र नाइजेरियाको ओसुन प्रान्तमा यस कथाले गर्दा मानिसहरूको विश्वास बढि रहेको छ।

"आगोले बाइबल नजलेको मैले सुनेको थिएँ तर अरू किताब पनि नजलेको मैले कहिल्यै पनि सुनेको थिइनँ" अबकास प्राप्त र वेस्ट सेन्ट्रल अफ्रिका डिभिजनको भूतपूर्व मुख्य सचिब ओनाओलापो अजिबादेले भने। त्यस डिभिजनको क्षेत्रमा नाइजेरिया पनि पर्दछ। उनी ओसुन प्रदेशको इनिसामा वस्छन्। उनले भने "यो अचम्मको कथाले एलेन जी ह्वाइटका पुस्तकहरूप्रति मेरो मोह झन बढेको छ।"